जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७० | २०८३ साल जेठ ०२ गते शनिवार | Saturday-16-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## अमलेखगञ्जको ३ नम्बर पुल क्षेत्र अतिक्रमणमुक्त, १२ घण्टे अपरेसनमा ७० घरटहरा हटाइयो

***शु.आ. संवाददाता***
***बारा, ०१ जेठ***

बाराको त्रिभुवन राजपथ अन्तर्गत अमलेखगञ्ज-पथलैया सडकखण्डको ३ नम्बर पुल क्षेत्रमा वर्षौंदेखि अतिक्रमण गरी सञ्चालन हुँदै आएका होटल, टहरा तथा अन्य संरचना शुक्रबार हटाइएको छ । वन क्षेत्र, निकुञ्ज क्षेत्र तथा सडकको 'राइट अफ वे' अतिक्रमण गरी बनाइएका संरचनामाथि डोजर चलाउँदै प्रशासनले क्षेत्रलाई अतिक्रमणमुक्त गराएको हो । डिभिजन वन कार्यालय बारा, पर्सा राष्ट्रिय निकुञ्ज तथा सडक डिभिजन कार्यालय हेटौंडा को संयुक्त टोलीले जिल्ला सुरक्षा निकायको सहयोगमा सञ्चालन गरेको उक्त अभियान बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म लगातार १२ घण्टा चलेको थियो ।



अभियानअन्तर्गत जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २२ स्थित ३ नम्बर पुल आसपास करिब ३ हेक्टर क्षेत्रफल अतिक्रमणमुक्त गरिएको जनाइएको छ । सो क्षेत्रमा वर्षौंदेखि सञ्चालन हुँदै आएका करिब ३५ वटा होटल तथा खाजाघरसँग सम्बन्धित ७० वटा घरटहरा, प्रयोगविहीन अवस्थामा रहेको एक विद्यालय भवन तथा एउटा सार्वजनिक शौचालय हटाइएको हो ।

डिभिजन वन कार्यालय बाराका प्रमुख सुजित कुमार झा का अनुसार वन क्षेत्र तथा सडक आसपास बनाइएका अवैध संरचना हटाउन यसअघि पटक-पटक सूचना जारी गरिएको थियो । माइकिङमार्फत अतिक्रमण हटाउन आग्रह गरिए पनि अटेर भएपछि बाध्य भएर डोजर प्रयोग गर्नुपरेको उनले बताए ।

उनका अनुसार प्रारम्भिक सर्वेक्षणका क्रममा त्यहाँ व्यवसाय सञ्चालन गर्दै आएका अधिकांश व्यक्तिको अन्यत्र घरजग्गा रहेको खुलेको छ । वन ऐन २०७६, पर्सा राष्ट्रिय निकुञ्ज सम्बन्धी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा सडक ऐन, २०३५ अनुसार अतिक्रमित संरचना हटाइएको जनाइएको छ ।

प्रशासनका अनुसार हटाइएका संरचनाहरू बाढी, पहिरो, वन्यजन्तुको जोखिम तथा सडक दुर्घटनाको दृष्टिले संवेदनशील क्षेत्रमा निर्माण गरिएका थिए । सडक छेउमा अनियन्त्रित रूपमा फैलिएको बस्ती र होटल व्यवसायका कारण दुर्घटनाको जोखिम बढ्दै गएको तथा वन तथा निकुञ्ज क्षेत्रसमेत प्रभावित हुँदै आएको बताइएको छ ।

अभियान सञ्चालनका क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, वन रक्षक तथा निकुञ्ज कर्मचारीहरूको ठूलो संख्या परिचालन गरिएको थियो । सुरक्षाकर्मीको बाक्लो उपस्थितिबीच सडक किनारमा बनाइएका होटल, टहरा तथा पसलहरू हटाउने कार्य सम्पन्न गरिएको हो ।

अतिक्रमण हटाउने क्रममा केही समय

*बाँकी तेश्रो पृष्ठमा*

## नगरप्रहरीको कारबाहीपछि जीतपुरको मुख्य सडक अवरुद्ध, फूटपाथ विवाद फेरि चर्कियो

***अखिलेश कुमार यादव***
***बारा, ०१ जेठ***

बाराको जीतपुर फेरि एकपटक फूटपाथ अतिक्रमण विवादका कारण तनावग्रस्त बनेको छ । सडक तथा फूटपाथ अतिक्रमण गरेर सञ्चालन हुँदै आएको व्यापार हटाउने अभियान सुरु गरेको जीतपुरसिमरा उपमहानगरपालिका अहिले पुनः आन्दोलन र विरोधको केन्द्रमा परेको हो ।



उपमहानगरपालिकाले करिब एक महिनाअघि सूचना जारी गर्दै मुख्य सडक तथा फूटपाथ क्षेत्र खाली गर्न व्यवसायीलाई आग्रह गरेको थियो । सूचनाको समयावधिभित्र धेरै व्यवसायीले स्वेच्छाले टहरा तथा अस्थायी संरचना हटाएका थिए । तर, केही समयमै पुनः सडक पेटीमै व्यापार सञ्चालन हुन थालेपछि बिहीबार नगरप्रहरीले हटाउने प्रयास गर्दा स्थिति तनावपूर्ण बनेको हो ।

स्थानीय शम्भु गुप्ता का अनुसार नगरप्रहरीले बल प्रयोग गर्दै व्यवसायीका सामान जफत गरेपछि आन्दोलन चर्किएको हो । "पहिला व्यवस्थापन गर, त्यसपछि हटाऊ भन्ने माग गर्दा पनि नगरप्रहरीले बलपूर्वक हटाउन खोजेपछि व्यवसायी आन्दोलनमा उत्रिन बाध्य भए," उनले बताए ।

नगरप्रहरीको कारबाहीको विरोधमा व्यवसायी तथा स्थानीयले केही समय जीतपुरको मुख्य सडक अवरुद्ध गरेका थिए । सडक अवरोधका कारण सवारी आवागमन प्रभावित भएको थियो भने यात्रु, विद्यार्थी तथा सर्वसाधारणले सास्ती खेप्नुपरेको स्थानीयले बताएका छन् ।

जीतपुर क्षेत्रमा वर्षौंदेखि फूटपाथ व्यापार हटाउने विषय विवादकै रूपमा दोहोरिँदै आएको छ । यसपटक भने पसल भाडामा लिएर वैधानिक रूपमा व्यवसाय सञ्चालन गरिरहेका व्यापारीसमेत आन्दोलनमा सहभागी भएका छन् । उनीहरूको भनाइमा सडक पेटीमा अनियन्त्रित व्यापार हुँदा कर तिरेर व्यवसाय सञ्चालन गरिरहेका व्यापारी प्रत्यक्ष मारमा पर्ने गरेका छन् ।

स्थानीयवासीका अनुसार फूटपाथ अतिक्रमणका कारण जीतपुर बजारको सौन्दर्यकरण प्रभावित हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्दै गएको छ । पैदलयात्रुहरू सडकमा हिँड्न बाध्य हुने अवस्था सिर्जना हुँदा सवारी दुर्घटनाको सम्भावना बढेको उनीहरूको गुनासो छ ।

स्थानीय सुनिल कुमार गुप्ता ले उपमहानगरपालिकाले दीर्घकालीन

*बाँकी तेश्रो पृष्ठमा*

## फेटामा २५ लाखको सडक ढलानमा अनियमितताको आरोप, सम्बन्धित निकायको प्रतिक्रिया शून्य

शु.आ. सम्बाददाता
बारा , ०१ जेठ

फेटा गाउँपालिका वडा नम्बर ७ अन्तर्गत गम्हरिया टोलमा भइरहेको सडक ढलान कार्यमा व्यापक अनियमितता भएको आरोप स्थानीयवासीहरूले लगाएका छन् । मधेस प्रदेश सरकारबाट विनियोजन गरिएको करिब २५ लाख रुपैयाँको बजेट प्रभावकारी रूपमा काममा नलागी "बालुवामा पानी हालेजस्तै" खर्च भइरहेको दाबी गर्दै स्थानीयहरूले भिडियोसहित प्रमाण सार्वजनिक गरेका छन् ।



स्थानीयका अनुसार पूर्वारी टोल क्षेत्रमा भइरहेको सडक ढलान कार्यमा निर्माण मापदण्ड विपरीत काम भइरहेको छ । ढलानको गुणस्तर कमजोर हुनु, सामग्रीको गुणस्तर शंकास्पद हुनु तथा कामको अनुगमन प्रभावकारी नभएको जस्ता गम्भीर प्रश्नहरू उठेका छन् । केही स्थानीयले निर्माण कार्यमा प्रत्यक्ष अनियमितता देखिएको भन्दै तत्काल छानबिनको माग गरेका छन् ।

स्थानीय केही व्यक्तिहरूले निर्माणस्थलको भिडियो खिचेर सार्वजनिक गर्दै ढलान कार्यमा लापरबाही र सम्भावित भ्रष्टाचार भएको आरोप लगाएका छन् । उनीहरूका अनुसार योजना अनुसारको मापदण्ड पालन नगरी काम अघि बढाइएको देखिन्छ, जसले सडकको दीर्घकालीन गुणस्तरमाथि प्रश्न उठाएको छ ।

उक्त विषयमा पूर्वाधार विकास कार्यालय कलैयाका सूचना अधिकारी तथा इन्जिनियर आरती चौधरीसँग प्रतिक्रिया लिन खोज्दा उहाँले सम्बन्धित योजना हालसम्म सञ्चालनमा नआएको बताएकी छिन् । तर, कार्यालय प्रमुख हेमन्त बजगाईंलाई सम्पर्क गर्न कार्यालयमै पुग्दा उनी भेटिन नसकेको अवस्था रहेको छ । साथै, कार्यालय प्रमुखको मोबाइल नम्बर ९८५५०३५४९६ पछिल्ला तीन दिनदेखि लगातार स्विच अफ रहेको छ । सरकारी बजेट खर्च भइसकेको अवस्थामा जिम्मेवार निकायबाट स्पष्ट जानकारी नआउनु र निर्माण कार्यको वास्तविक अवस्थाबारे पारदर्शिता नदेखिनुले स्थानीयमा थप शंका उत्पन्न गराएको छ । स्थानीयवासीहरूले सम्बन्धित निकायलाई तत्काल अनुगमन गरी कामको गुणस्तर परीक्षण गर्न, बजेट खर्चको विवरण सार्वजनिक गर्न तथा दोषी देखिए कानुनी कारबाही अघि बढाउन माग गरेका छन् । २५ लाख रुपैयाँको सार्वजनिक विकास बजेट अन्तर्गत भइरहेको भनिएको सडक ढलान कार्यमै अनियमितताको गम्भीर आरोप उठेपछि विषयले स्थानीय तहदेखि प्रदेश स्तरसम्म ध्यानाकर्षण गराएको छ । तर हालसम्म आधिकारिक रूपमा ठोस छानबिन प्रक्रिया अघि बढेको संकेत नदेखिएको स्थानीयको गुनासो छ ।

## सरकार निर्माणको खेल बन्द गरी जनताका मुद्दामा केन्द्रित हुन पूर्वमन्त्री बिमला अन्सारीको जोड

***शु.आ. सम्बाददाता***
***रौतहट, ०१ जेठ***

मधेस प्रदेशकी पूर्व गृह कानून तथा सञ्चारमन्त्री एवं प्रदेशसभा सदस्य बिमला अन्सारीले राजनीतिक दलहरूलाई सत्ता समीकरण र राजनीतिक खिचातानीको खेलबाट माथि उठेर जनताका आधारभूत समस्या समाधानतर्फ केन्द्रित हुन जोडदार माग गरेकी छिन् । मधेस प्रदेशसभाको सातौं अधिवेशनको पहिलो बैठकलाई सम्बोधन गर्दै उनले यस्तो चेतावनी दिएकी हुन् ।



बैठकमा आफ्नो धारणा राख्दै सांसद अन्सारीले सातौं अधिवेशन मधेस प्रदेशका जनअपेक्षालाई सम्बोधन गर्ने विकास सुशासन तथा सामाजिक न्यायलाई सुदृढ बनाउने दिशामा सफल होस् भन्ने शुभकामना व्यक्त गरिन् । उनले प्रदेशसभालाई केवल सरकार बनाउने र सरकार गिराउने खेलमा मात्र सीमित नगर्न सचेत गराइन् । जनताले राजनीतिक दल र जनप्रतिनिधिहरूसँग ठूलो आशा र भरोसा राखेको उल्लेख गर्दै उनले भनिन्, जनताले हामीलाई सत्ता संघर्ष गर्न होइन आफ्नो पीडा बोल्न समस्या समाधान गर्न र अधिकार सुनिश्चित गर्न यहाँ पठाएका हुन् । तर हामी पटक-पटक विश्वासको मत सत्ता समीकरण र राजनीतिक खिचातानीमै अल्झिरहेका छौं जसले जनतामा गम्भीर निराशा पैदा गरेको छ । नेतृत्व परिवर्तन भइरहने तर जनताको अवस्था जस्ताको त्यस्तै रहने प्रवृत्तिको आलोचना गर्दै उनले अबको आगामी नेतृत्व महिलाहरूलाई सुम्पनसमेत

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### बारामा मल अभाव गहिरिँदै, सीमावर्ती अवैध आपूर्ति र किसानको संकट बढ्दो

बारामा रासायनिक मलको चरम अभावका बीच भारततर्फबाट अवैध रूपमा मल भित्र्याउने क्रम बढेको छ । बिहीबार बिहान कलैया बजारमा भारतबाट ल्याइएको युरिया मल झार्दै गरेको अवस्थामा प्रहरीले केही बोरा नियन्त्रणमा लिएपछि जिल्लाको मल संकट फेरि सतहमा आएको छ ।

स्थानीय स्रोतका अनुसार कलैयास्थित एक पसलमा गोप्य रूपमा मल भण्डारण गर्ने तयारी भइरहेका बेला प्रहरीले छापा मारेको थियो । घटनास्थलमा केही व्यक्ति फरार भए भने केही बोरा युरिया मल जफत गरी जिल्ला प्रहरी कार्यालय लगिएको बताइएको छ । धान रोपाइँको सिजन नजिकिँदै गर्दा सहकारी तथा सरकारी वितरण केन्द्रमा मल नपाउँदा किसानहरू मारमा परेका छन् । घण्टौं लाइन बस्दा पनि मल नपाइने, स्टक सकिएको भनिने र वितरण प्रणाली प्रभावकारी नभएको गुनासो व्यापक छ ।

"खेती जोगाउनै कठिन भयो, सरकारी सहकारीमा मल पाइँदैन," एक किसानले भने, "त्यसैले महँगो भए पनि भारतबाट ल्याएको मल किन्न बाध्यता छ ।"

व्यवसायीहरूका अनुसार सरकारी आपूर्ति कमजोर हुँदा सीमावर्ती बजारबाट सानो परिमाणमा मल ल्याउनुपर्ने अवस्था बनेको छ, जसले अवैध कारोबार पनि बढाइरहेको छ । प्रहरीले भने भन्सार छली गरी ल्याइएका कृषि सामग्रीमाथि निगरानी कडा पारिएको र नियन्त्रण अभियान जारी रहेको जनाएको छ । तर किसान र सरोकारवालाहरूले केवल जफत र कारबाहीले समस्या समाधान नहुने भन्दै दीर्घकालीन रूपमा मल आपूर्ति प्रणाली सुधार गर्न सरकारसँग माग गरेका छन् ।

# बजेटको वाचा, स्वास्थ्यमा आशा



**ज्ञानेन्द्र घले**

८ प्रतिशत स्वास्थ्य बजेटलाई उपचार, रोकथाम र दीर्घरोग व्यवस्थापन बलियो बनाउने लगानीका रूपमा बुझ्नुपर्छ ।

बालेन शाह नेतृत्वको सरकारको १८ बुँदे राष्ट्रिय प्रतिबद्धतामा २०८८ सालसम्म स्वास्थ्य क्षेत्रको बजेटलाई राष्ट्रिय बजेटको ८ प्रतिशत पुऱ्याउने घोषणा समावेश छ। सरकारले यसलाई प्रमुख दलका घोषणापत्रका साझा प्रतिबद्धताको अभिसरणका रूपमा प्रस्तुत गरेको छ । त्यसैले यो स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकतामा राख्ने अवसर हो ।

तर यसको पहिलो परीक्षा आगामी बजेटमै हुनेछ। २०८८ लक्ष्य वर्ष हो भने २०८३ जेठ १५ को बजेटले दिशा देखाउनुपर्छ। स्वास्थ्य सुधार भाषणबाट होइन, नागरिकले पाउने सेवाबाट मापन हुन्छ । त्यसैले यो प्रतिबद्धता नियमित आधारभूत स्वास्थ्य सेवा, पर्याप्त औषधि, दक्ष स्वास्थ्यकर्मी, प्रभावकारी स्वास्थ्य बिमा, सुरक्षित मातृत्व तथा नवजात शिशु सेवा, आपत्कालीन उपचार, डायलासिस र ठूलो स्वास्थ्य खर्चबाट परिवारलाई जोगाउने प्रणालीमा रूपान्तरण हुनुपर्छ । ग्रामीण क्षेत्र, गरिब परिवार, ज्येष्ठ नागरिक, दीर्घरोगी र विपन्न समुदायका लागि यो सामाजिक न्याय र राज्यको उत्तरदायित्वको विषय हो।

प्रतिबद्धता स्पष्ट र इमानदार हुनुपर्छ : अब मुख्य प्रश्न हो : के यो घोषणा आगामी बजेटमा स्पष्ट रूपमा समेटिन्छ ? के यो कार्यक्रम, बजेट लाइन, स्रोतसाधन र कार्यान्वयन जिम्मेवारीमा अनुवाद हुन्छ ? यसको आधार पनि कमजोर छैन । यो लक्ष्य राष्ट्रिय स्वास्थ्य वित्तीय रणनीति २०२३-२०३३, नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०२३-२०३० र सार्वभौमिक स्वास्थ्य कभरेजतर्फको अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग जोडिएको छ। राष्ट्रिय स्वास्थ्य वित्तीय रणनीतिले वित्तीय स्रोत विस्तार, सामाजिक स्वास्थ्य सुरक्षा, आफ्नै खल्तीबाट हुने खर्च घटाउने र जवाफदेहिता बलियो बनाउने लक्ष्य राखेको छ ।

विश्व स्वास्थ्य सभाको डब्लूएचए ७८.१२ प्रस्तावले पनि स्वास्थ्य वित्तीय व्यवस्था सुदृढ गर्न आह्वान गरेको छ । तर नीति आधार बलियो हुँदैमा परिणाम आउँदैन । नेपालमा नीति र कार्यक्रम बने पनि कमजोर नेतृत्व, समन्वय र कार्यान्वयनका कारण उपलब्धि नआएका उदाहरण धेरै छन् । यो बुँदालाई स्पष्ट कार्ययोजना, जिम्मेवारी र सार्वजनिक प्रतिवेदन प्रणालीसँग जोड्न सकेमात्र यसको अर्थ हुनेछ ।

८ प्रतिशत किन आवश्यक छ ? : ८ प्रतिशत लक्ष्य आकस्मिक अंक होइन । विश्व स्वास्थ्य संगठनले सार्वभौमिक स्वास्थ्य कवरेजका लागि दिगो, सार्वजनिक स्रोतमा आधारित स्वास्थ्य वित्तीय व्यवस्था बलियो बनाउन जोड दिँदै आएको छ । अबुजा घोषणालाई स्वास्थ्य क्षेत्रमा उच्च सार्वजनिक लगानीको अन्तर्राष्ट्रिय वेन्चमार्कका रूपमा लिन सकिन्छ । त्यस दृष्टिले ८ प्रतिशत अन्तिम लक्ष्य होइन, नेपालका लागि व्यावहारिक चरण हुन सक्छ ।

अहिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय बजेटको ५ प्रतिशतभन्दा कम हिस्सा पाउँछ । आर्थिक वर्ष २०२५/२६ मा १,९६४ अर्ब रुपैयाँको कुल बजेटमध्ये स्वास्थ्य क्षेत्रले करिब ९५.८ अर्ब रुपैयाँ प्राप्त गरेको थियो। २०८८ सालसम्म स्वास्थ्य बजेटलाई ८ प्रतिशत पुऱ्याउने लक्ष्यअनुसार यो रकम करिब १५७ अर्ब रुपैयाँ पुग्न सक्छ, जुन हालको भन्दा करिब ६१ अर्ब बढी हो। कोभिड महामारीका बेला स्वास्थ्य बजेटको हिस्सा करिब ७.५ प्रतिशत पुगेको अनुभवले संकटमा स्वास्थ्यलाई प्राथमिकता दिन सकिन्छ भन्ने देखाइसकेको छ ।

अब त्यो प्राथमिकता दीर्घकालीन बजेट योजनामा स्थापित हुनुपर्छ । कमजोर स्वास्थ्य प्रणालीले बिरामीमात्र होइन, अर्थतन्त्र, सामाजिक स्थिरता र मानव पुँजीलाई पनि असर गर्छ । नेपालमा नसर्ने रोग, मधुमेह, उच्च रक्तचाप, मिर्गौला रोग, क्यान्सर र मानसिक स्वास्थ्य समस्या बढिरहेका छन् । जनसंख्या वृद्धिसँगै दीर्घकालीन उपचार आवश्यक पर्ने बिरामी पनि बढ्दै छन् । त्यसैले ८ प्रतिशत स्वास्थ्य बजेटलाई उपचार, रोकथाम र दीर्घरोग व्यवस्थापन बलियो बनाउने लगानीका रूपमा बुझ्नुपर्छ ।

स्वास्थ्य संस्थामा औषधि, प्रभावकारी स्वास्थ्य बिमा, आपत्कालीन प्रसूति सेवा, नजिकै उपलब्ध डायलासिस र बिरामी पर्दा परिवारलाई आर्थिक विनाशबाट जोगाउने सुरक्षा दिनुपर्छ । बजेट बढाएरमात्र हुँदैन : नेपालको स्वास्थ्य क्षेत्रमा कम बजेट र कमजोर कार्यान्वयन दुवै पुराना समस्या हुन् । पछिल्लो समीक्षाले स्वास्थ्य बजेट खर्च दर ७२ प्रतिशतमात्र रहेको देखाएको छ, जबकि लक्ष्य ८५ प्रतिशत थियो । यही खर्च दरलाई ९५.८ अर्ब रुपैयाँमा लागू गर्दा करिब २६.८ अर्ब रुपैयाबराबरको बजेट उपयोग हुन नसक्ने देखिन्छ। यही नेपालको स्वास्थ्य वित्त व्यवस्थाको मुख्य विरोधाभास देखिन्छ : एकातिर बजेट कम छ भनिन्छ, अर्कोतिर विनियोजित बजेटसमेत पूर्ण रूपमा खर्च हुन सक्दैन । धेरै स्थानीय तह र स्वास्थ्य संस्थामा जनशक्ति अभाव, खरिद ढिलाइ, उपकरण प्रयोग नहुने अवस्था र समन्वय कमजोरी देखिन्छ ।

कतै भवन बनेका छन्, तर सेवा सञ्चालन छैन; कतै उपकरण छन्, तर दक्ष जनशक्ति छैन । त्यसैले ८ प्रतिशत बजेट नीति स्पष्टता, कार्यक्रम प्राथमिकता, खरिद सुधार, जनशक्ति व्यवस्थापन र कार्यान्वयन क्षमताको परीक्षण पनि हो । जनताले आफ्नै खल्तीबाट तिर्नुपर्ने स्वास्थ्य खर्च अझै ५४.२ प्रतिशत छ । ठूलो स्वास्थ्य खर्चका कारण करिब १० प्रतिशत परिवारले विनाशकारी स्वास्थ्य खर्चको सामना गर्छन्, र केही परिवार गरिबीमा धकेलिन्छन् । नीति र बजेट हुँदाहुँदै पनि धेरै परिवार उपचार खर्चकै कारण आर्थिक संकटमा पर्छन् ।

स्वास्थ्य बिमा बचाउने अवसर : राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम गम्भीर वित्तीय दबाबमा छ । वार्षिक खर्च २४ अर्ब रुपैयाँभन्दा माथि पुगेको छ, तर आम्दानी करिब १४ अर्ब रुपैयाँ मात्र छ– करिब १० अर्ब सरकारी अनुदान र ४ अर्ब प्रिमियमबाट । यसको अर्थ बिमा कार्यक्रममै करिब १० अर्ब रुपैयाँको वार्षिक वित्तीय अन्तर छ । यही विरोधाभासले देखाउँछ कि एकातिर बिमा कार्यक्रम घाटामा छ, अर्कोतिर स्वास्थ्य बजेटको ठूलो हिस्सा खर्च हुन सक्दैन । यो पैसाको अभाव मात्र होइन, नीति स्पष्टता र बजेट व्यवस्थापनबीचको असन्तुलन हो। नयाँ बजेटले बिमाको वित्तीय अन्तर घटाउने, समयमै दाबी भुक्तानी गर्ने, सेवा प्रदायक संस्थाको क्षमता र गुणस्तर सुधार्ने, तथा रणनीतिक खरिद प्रणाली बलियो बनाउने काम गर्नुपर्छ । अन्यथा स्वास्थ्य बिमाप्रतिको जनविश्वास थप कमजोर हुन सक्छ।

जीवनरक्षक सेवा नागरिकको नजिक पुग्नुपर्छ : थपिने बजेटको पहिलो असर अग्रपंक्ति सेवामा देखिनुपर्छ। गाउँका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा औषधि, परीक्षण सेवा र स्वास्थ्यकर्मी उपलब्ध हुनुपर्छ। प्रसूति केन्द्रमा दक्ष जनशक्ति, अक्सिजन र आपत्कालीन सामग्री हुनुपर्छ। जिल्ला अस्पतालमा सिजेरियन सेवा, रक्तसञ्चार र नवजात शिशु सघन हेरचाह उपलब्ध हुनुपर्छ। डायलासिस, आपत्कालीन उपचार, मातृ जटिलता व्यवस्थापन र दीर्घरोग सेवा काठमाडौं र ठूला सहरमा सीमित रहनु हुँदैन। दूरदराजका बिरामी सहर धाउन बाध्य छन् । धेरै परिवार उपचारभन्दा यात्रा, बसोबास र सहयोगीको खर्चले थप दबाबमा पर्छन् । त्यसैले सेवा विकेन्द्रीकरण र प्रदेशस्तरीय क्षमता विस्तार आवश्यक छ । रोकथाम पनि स्वास्थ्य बजेटकै हिस्सा हुनुपर्छ। स्वास्थ्य नीति बिरामी भएपछि उपचार गर्नेमा मात्र सीमित हुनु हुँदैन; रोग लाग्न नदिनेतर्फ पनि लगानी बढ्नुपर्छ । चुरोट, मदिरा र चिनीयुक्त पदार्थमा लागू स्वास्थ्य-उन्मुख कर प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र स्वास्थ्य क्षेत्रमा पुनः लगानीमुखी बनाउन सकिन्छ । यस्तो राजस्व आधारभूत स्वास्थ्य सेवा, बिमा अनुदान, डायालिसिस, सुरक्षित मातृत्व तथा नवजात शिशु सेवा र मानसिक स्वास्थ्यमा लगानी गर्न सकिन्छ ।

नेपालमा नसर्ने रोग, मधुमेह, उच्च रक्तचाप, मिर्गौला रोग, क्यान्सर र मानसिक स्वास्थ्य समस्या बढिरहेका छन् । जनसंख्या वृद्धिसँगै दीर्घकालीन उपचार आवश्यक पर्ने बिरामी पनि बढ्दै छन् ।

जवाफदेहिता बिना सुधार सम्भव छैन : यो घोषणाको प्रगति वार्षिक बजेट वृद्धि, खर्च दर सुधार, आफ्नै खल्तीबाट हुने खर्चमा कमी, स्वास्थ्य बिमा विस्तार, गाउँका स्वास्थ्य संस्थाको सञ्चालन, आपत्कालीन प्रसूति सेवा, प्रमुख सहर बाहिर डायलासिस विस्तार र प्रदेशस्तरीय सेवा मानचित्रजस्ता सूचकबाट निगरानी गर्नुपर्छ। अन्ततः यो स्वास्थ्य-बजेट घोषणाको वास्तविक मूल्य बजेट भाषणमा होइन, नागरिकले पाउने सेवामा मापन हुनेछ । यसले स्वास्थ्य संस्थामा औषधि, प्रभावकारी स्वास्थ्य बिमा, आपत्कालीन प्रसूति सेवा, नजिकै उपलब्ध डायलासिस र बिरामी पर्दा परिवारलाई आर्थिक विनाशबाट जोगाउने सुरक्षा दिनुपर्छ । २०८३ जेठ १५ मा प्रस्तुत हुने बजेटले यो प्रतिबद्धताको दिशा तय गर्नेछ । अब प्रश्न स्पष्ट छ- के १८ बुँदे प्रतिबद्धताको यो स्वास्थ्य घोषणा जनस्वास्थ्यप्रतिको वास्तविक चासोमा रूपान्तरण हुन्छ ?

-घले, विश्व स्वास्थ्य संगठनको मुख्यालयस्थित सुशासन विभागका पूर्वकर्मचारी हुन् ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

## अन्तराष्ट्रिय समाचार

# भारत र यूएईबीच एलपीजी ग्यास आपूर्ति सम्झौता, मोदीलाई एफ-१६ फाइटर जेटले दिए सुरक्षा

***नयाँ दिल्ली-*** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी यूएई भ्रमणका क्रममा शुक्रबार अबुधाबी पुगेका छन्। उनको विमानलाई यूएई एयरफोर्सका एफ-१६ लडाकु विमानहरूले सुरक्षा एस्कर्ट दिए ।



मोदी र यूएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयनको उपस्थितिमा एलपीजी ग्यास आपूर्तिसहित विभिन्न महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भएको छ।
अबुधाबी पुगेपछि प्रधानमन्त्री मोदीको औपचारिक स्वागत गरिएको थियो । विभिन्न सञ्चारमाध्यमका अनुसार यूएई एयरफोर्सका एफ-१६ फाइटर जेटहरूले मोदीको विमानलाई एस्कर्ट गरेका थिए ।
प्रधानमन्त्री मोदी र राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयानबीच द्विपक्षीय भेटवार्ता भएको छ। भेटका क्रममा दुवै देशबीच एलपीजी आपूर्तिसम्बन्धी महत्वपूर्ण सम्झौता भएको छ।
यसका साथै रणनीतिक पेट्रोलियम रिजर्भ, रक्षा सहकार्य तथा वडिनारमा शिप रिपेयर क्लस्टरसँग सम्बन्धित समझदारीपत्रमा पनि हस्ताक्षर गरिएको छ ।
यूएईले भारतीय पूर्वाधार, आरबीएल बैंक र साम्मान क्यापिटलमा ५ अर्ब डलर लगानी गर्ने घोषणा पनि गरेको छ । भारतीय विदेश मन्त्रालयका अनुसार दुवै नेताबीच ऊर्जा सुरक्षा, व्यापार, लगानी तथा पश्चिम एसियाको अवस्थाबारे छलफल भएको थियो ।
यसअघि यूएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयानले गत जनवरीमा भारत भ्रमण गरेका थिए। त्यस अवसरमा प्रधानमन्त्री मोदीले उनलाई काठको झुला उपहार दिएका थिए ।

### क्रुड आयल उत्पादन बढाइने

यूएईलेले हालै विश्वका प्रमुख तेल निर्यातक राष्ट्रहरूको संगठन ओपेकबाट बाहिरिने घोषणा गरेको छ । यूएईले सन् २०२७ सम्म दैनिक ५० लाख ब्यारेल क्रुड आयल उत्पादन पुऱ्याउने योजना बनाएको बताइएको छ ।
यससँगै भारतीय र यूएईका कम्पनीहरूबीच दीर्घकालीन ऊर्जा सम्झौताबारे थप छलफल हुने सम्भावना व्यक्त गरिएको छ।
पूर्व भारतीय राजदूत सञ्जय सुधीरले एएनआईसँगको कुराकानीमा पश्चिम एसियाको वर्तमान परिस्थितिका बीच प्रधानमन्त्री मोदीको यूएई भ्रमण निकै महत्वपूर्ण रहेको बताएका छन्।
उनका अनुसार यो भ्रमण भारतको समर्थनको बलियो संकेतका रूपमा पनि हेरिएको छ।
भारतीय विदेश मन्त्रालयले यो भ्रमणले भारत र यूएईबीचको व्यापार तथा लगानी सम्बन्ध अझ मजबुत बनाउने जनाएको छ ।
दुवै देशबीच पहिलेदेखि नै व्यापक रणनीतिक साझेदारी रहेको र यस भ्रमणले त्यसलाई थप विस्तार गर्ने उद्देश्य राखिएको मन्त्रालयको भनाइ छ ।

### मोदीले भने : यूएई मेरो दोस्रो घर आएजस्तै

प्रधानमन्त्री मोदीले यूएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहयानसँगको भेटमा न्यानो स्वागतका लागि धन्यवाद दिएका छन्।
उनले भने, 'तपाईंले भनेजस्तै, म आफ्नो दोस्रो घर आएको छु । यो भावना मेरो जीवनको ठूलो पूँजी हो।'
उनले बिहीबार नै यूएई एयरफोर्सका लडाकु विमानहरूले आफ्नो विमानलाई एस्कर्ट गरेको उल्लेख गर्दै यसलाई भारतका जनताका लागि सम्मानको विषय बताएका छन्।

### विभिन्न सम्झौतामा हस्ताक्षर

प्रधानमन्त्री मोदी र यूएई का राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहयानको उपस्थितिमा भारत र यूएई बीच विभिन्न समझदारीपत्र आदानप्रदान गरिएको छ।
यी सम्झौताहरूको उद्देश्य दुवै देशबीचको सहकार्य र साझेदारीलाई अझ सुदृढ बनाउनु रहेको बताइएको छ ।
प्रतिनिधिमण्डलस्तरीय वार्ताका क्रममा प्रधानमन्त्री मोदीले भारतमा हालै आएको प्राकृतिक विपत्तिप्रति संवेदना व्यक्त गरेकोमा यूएईका राष्ट्रपतिलाई धन्यवाद दिए ।

# कलैयामा दोस्रो "मेयर-उपमेयर कप" विद्यालयस्तरीय खो-खो प्रतियोगिता सुरु




***साजिर मन्सूर***
***कलैया, ०१ बैशाख***

कलैया उपमहानगरपालिकाको सहयोग तथा नगर खेलकुद विकास समिति को आयोजनामा दोस्रो विद्यालयस्तरीय "मेयर-उपमेयर कप" छात्र/छात्रा खो-खो प्रतियोगिता सुरु भएको छ।
प्रतियोगिताको उद्घाटन समारोह श्री ३ चन्द्र माध्यमिक विद्यालय मा भव्य रूपमा सम्पन्न भएको हो । प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख बिनोद साह ले खेलकुदले खेलाडीमा अनुशासन, आत्मविश्वास र स्वस्थ जीवनशैलीको विकास गर्ने बताए। उनले युवाहरूलाई कुलतबाट जोगाउन तथा सकारात्मक गतिविधितर्फ आकर्षित गर्न खेलकुद क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याए । "खेलकुद केवल मनोरञ्जनको माध्यम मात्र होइन, समाजलाई स्वस्थ र अनुशासित बनाउने महत्वपूर्ण आधार पनि हो," उनले भने । कार्यक्रममा सहभागी अतिथिहरूलाई सम्मान गरिएको थियो भने प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा विद्यालयलाई प्रदान गरिने ट्रफी, मेडल र सम्मानपत्रसमेत प्रदर्शन गरिएको थियो ।
खो-खो प्रशिक्षक क्यामुदिन मन्सूर ले विद्यालय तहमा रहेका खेल प्रतिभालाई उजागर गर्नुका साथै विद्यार्थीहरूमा अनुशासन, सहकार्य र खेलप्रतिको रुचि विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । प्रतियोगितामा कलैया उपमहानगरपालिका भित्रका विभिन्न विद्यालयका छात्र तथा छात्रा टोलीहरूको सहभागिता रहेको छ । प्रतियोगिता जेठ ४ गतेसम्म सञ्चालन हुने तथा विजेता टोलीलाई आकर्षक पुरस्कारसहित सम्मान गरिने आयोजकले जनाएको छ।
स्थानीय खेलकुदको विकास तथा युवाहरूलाई खेलप्रति प्रेरित गर्न यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकको रहेको छ।
दिनदयाल साह को अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा उपप्रमुख रौशन प्रविण, समिति सदस्य अमोद गुप्ता, कलैया क्रिकेट क्लब का अध्यक्ष तसरुदिन मन्सूर, विद्यालयका प्रधानाध्यापक, प्रशिक्षक, शिक्षक, खेलाडी तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
प्रतियोगिताअन्तर्गत शुक्रबार सम्पन्न छात्रतर्फको उद्घाटन खेलमा इन्टरनेशनल इङ्लिश बोर्डिङ स्कुल ले श्री महावीर माध्यमिक विद्यालय लाई ५५-१८ ले पराजित गरेको आयोजकले जनाएको छ।
त्यस्तै छात्रातर्फको दोस्रो खेलमा श्री नेरा माध्यमिक विद्यालय ले श्री नेरा माध्यमिक विद्यालय लाई १८-४ ले हराउँदै विजयी सुरुआत गरेको छ।

# वीरगंजका मेयर राजेशमान सिंहविरुद्ध चार मुद्दा दायर, नागरिकता र जन्मदर्ता किर्ते आरोप



***वीरगंज, ०१ जेठ***

जिल्ला सरकारी वकिलको कार्यालय पर्साले राजेशमान सिंह विरुद्ध जिल्ला अदालत पर्सामा चार वटा मुद्दा दायर गरेको छ। अर्काकी छोरीलाई आफ्नै छोरीका रूपमा देखाएर जन्मदर्ता, नागरिकता, राहदानी तथा अन्य सरकारी कागजात बनाइएको आरोपमा मुद्दा दायर गरिएको सरकारी वकिल कार्यालयले जनाएको हो।
सरकारी वकिल कार्यालयका अनुसार लियाकत अलीले २०८० साल माघमा जिल्ला प्रहरी कार्यालय पर्सामा सरकारी कागजात किर्ते तथा नागरिकता किर्तेसम्बन्धी उजुरी दर्ता गराएका थिए । उजुरीमा मेयर सिंहले रिता भट्टराईकी छोरीलाई आफ्नै सन्तानका रूपमा देखाउँदै किर्ते जन्मदर्ता तयार गरी त्यसकै आधारमा नागरिकता, राहदानी तथा अन्य सरकारी कागजात बनाइदिएको आरोप लगाइएको थियो । उजुरीपछि जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धान प्रक्रिया सुरु गरे पनि लामो समयसम्म अनुसन्धान निष्कर्षमा पुग्न सकेको थिएन। उजुरी दर्ता हुँदा पर्सामा तत्कालीन प्रहरी उपरीक्षक कोमल शाह कार्यरत थिए । त्यसपछि क्रमशः कुमोद ढुंगेल, गौतम मिश्र तथा हालका प्रहरी उपरीक्षक सुदीप राज पाठक को कार्यकालसम्म पनि अनुसन्धान टुंगोमा पुग्न सकेको थिएन ।
प्रहरीले प्रभावकारी अनुसन्धान नगरेको भन्दै उजुरीकर्ता लियाकत अलीले उच्च अदालत वीरगञ्ज अस्थायी इजलास मा रिट दायर गरेका थिए। अदालतले प्रहरी प्रशासनलाई तत्काल अनुसन्धान प्रक्रिया अघि बढाउन परमादेश जारी गरेपछि मात्र अनुसन्धानले गति लिएको बताइएको छ ।
अदालतको आदेशपछि प्रहरीले विस्तृत अनुसन्धान गरी प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले मेयर सिंहविरुद्ध झुठा विवरण पेश गरी नागरिकता बनाएको तथा लिखत सम्बन्धी कसुरमा दुई/दुई वटा मुद्दा दायर गरेको जनाएको छ।
यो प्रकरण पहिलोपटक २०८० साल पुसमा पत्रकार जियालाल साह ले "सिधाकुरा" मार्फत सार्वजनिक गरेका थिए । समाचार सार्वजनिक भएपछि विषयले स्थानीयदेखि राष्ट्रिय राजनीतिक वृत्तसम्म व्यापक चर्चा पाएको थियो। तर, प्रकरण सार्वजनिक भएपछि मेयर राजेशमान सिंहले पत्रकार साहविरुद्ध नै लिखित बेइज्जती, गाली बेइज्जती तथा साइबर अपराध सम्बन्धी मुद्दा दायर गरेका छन्। पत्रकार साह विगत डेढ वर्षदेखि विभिन्न कानुनी मुद्दा खेप्दै आएका छन् । सरकारी वकिल कार्यालयले मुद्दा दायर गरेसँगै वीरगञ्जको राजनीतिक वातावरण पुनः तातेको छ । विपक्षी दल तथा नागरिक समाजका अगुवाहरूले घटनाको निष्पक्ष न्यायिक परीक्षण हुनुपर्ने माग गरेका छन् भने मेयर सिंह निकट पक्षले भने राजनीतिक पूर्वाग्रहका आधारमा मुद्दा अघि बढाइएको दाबी गर्दै आएको छ।

## अमलेखगञ्ज....

स्थानीय व्यवसायी र प्रशासनबीच तनावको अवस्था सिर्जना भएको थियो । व्यवसायीहरूले आफूहरूलाई पर्याप्त समय र वैकल्पिक व्यवस्थाविना हटाइएको भन्दै विरोध जनाएका थिए । यद्यपि, कुनै अप्रिय घटना वा दुर्घटनाविना अभियान सफलतापूर्वक सम्पन्न भएको डिभिजन वन कार्यालयका सहायक वन अधिकृत वीरेन्द्र यादव ले जानकारी दिए।
स्थानीयका अनुसार उक्त क्षेत्रमा विगत धेरै वर्षदेखि साना होटल, चिया पसल तथा अस्थायी व्यवसाय सञ्चालन हुँदै आएका थिए । त्यहाँ बसोबास तथा व्यवसाय गर्ने अधिकांश व्यक्ति मकवानपुर जिल्लाका स्थायी बासिन्दा रहेको बताइएको छ।
पूर्व-पश्चिम राजमार्गअन्तर्गत अमलेखगञ्ज सडकखण्डमा सडक अतिक्रमण बढ्दै गएपछि सरकारले राजमार्गको दायाँबायाँ २५/२५ मिटर क्षेत्र खाली गराउने अभियान तीव्र बनाएको हो । सोही निर्णयअनुसार सडक डिभिजन कार्यालयले सडक क्षेत्र खाली गराउन थालेपछि वन कार्यालय र पर्सा राष्ट्रिय निकुञ्जले पनि आफ्नो स्वामित्वभित्र पर्ने जग्गा संरक्षण अभियान अघि बढाएका हुन्।
अभियान सफल बनाउन सहयोग गर्ने प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, प्रदेश वन सचिव, वन निर्देशनालय, वन प्राविधिक, वन सुरक्षाकर्मी, सञ्चारकर्मी तथा अन्य सरोकारवालाप्रति डिभिजन वन कार्यालय बाराले धन्यवाद व्यक्त गरेको छ। प्रशासनले सार्वजनिक सडक, वन तथा निकुञ्ज क्षेत्रको संरक्षणका लागि अतिक्रमण हटाउने अभियान आगामी दिनमा पनि निरन्तर जारी रहने जनाएको छ।

## नगरप्रहरी.......

योजना र वैकल्पिक व्यवस्थापन नगर्दा समस्या बारम्बार दोहोरिने गरेको आरोप लगाए । उनका अनुसार, "व्यवसायीलाई वैकल्पिक स्थान व्यवस्थापन नगरी बलपूर्वक हटाउँदा आन्दोलन स्वाभाविक रूपमा चर्किने गरेको छ।" फूटपाथ खाली गराउने विषयले जीतपुरको मुख्य सडक पटक-पटक अवरुद्ध हुँदै आएको छ। यस्ता आन्दोलनका कारण दैनिक आवतजावत प्रभावित हुनुका साथै बजार क्षेत्रको व्यापार, यातायात र सेवा प्रवाहसमेत प्रभावित बन्ने गरेको छ ।
स्थानीयवासीले सडक अतिक्रमण हटाएर शहर व्यवस्थित बनाउने अभियान आवश्यक भए पनि साना तथा स्वरोजगार व्यवसायीको जीविकोपार्जनलाई समेत ध्यानमा राखेर समाधान खोज्नुपर्ने बताएका छन् । दीर्घकालीन योजना, व्यवस्थित बजार व्यवस्थापन तथा वैकल्पिक व्यापारिक स्थल निर्माण नगरेसम्म जीतपुरमा फूटपाथ विवाद, आन्दोलन र सडक अवरोधको समस्या दोहोरिरहने चिन्ता स्थानीयमा बढ्दै गएको छ।

## सरकार..........

आग्रह गरिन् । समय आरोप-प्रत्यारोपको नभई परिणाम दिने बेला भएको उल्लेख गर्दै उनले भनिन्, किसान मल, बीउ, सिँचाइ र उचित मूल्यको अभावमा पीडित छन्, युवाहरू रोजगारीका लागि विदेशिन बाध्य भइरहेका छन्। शिक्षा, स्वास्थ्य, सडक र सुरक्षाका क्षेत्रमा अपेक्षित सुधार आउन सकेको छैन ।
प्रदेशमा बढ्दै गएको भ्रष्टाचार, सुख्खा, बाढी, नदी कटान तथा प्राकृतिक प्रकोपले जनजीवन कष्टकर बनेको तर्फ ध्यानाकर्षण गराउँदै पूर्वमन्त्री अन्सारीले यसको दीर्घकालीन समाधानको माग गरिन् । बाढी आएपछि केवल राहत सामग्री वितरण गरेर मात्र समस्या समाधान नहुने तर्क गर्दै उनले चुरेदेखि सीमासम्म नदी व्यवस्थापन, नदी सफाइ तथा पक्की तटबन्ध निर्माणको गुरुयोजना आवश्यक रहेको स्पष्ट पारिन्।
मुस्लिम समुदायलाई शिक्षाको मूलधारमा ल्याउन मदरसा विधेयक अत्यन्त आवश्यक रहेको बताउँदै उनले यसलाई तत्काल अगाडि बढाउन सरकारसँग माग गरिन् । अघिल्लो सरकारले नीतिगत निर्णय गरिसकेको भए पनि अहिलेसम्म कुनै ठोस प्रगति नभएकोमा असन्तुष्टि जनाउँदै उनले मदरसालाई आधुनिक तथा व्यावहारिक शिक्षासँग जोडेर राष्ट्र निर्माणको मूल प्रवाहमा समावेश गर्नुपर्नेमा जोड दिइन् । मधेस प्रदेशभित्र पछिल्लो समय धार्मिक तथा जातीय अतिवाद बढ्दै गएकोप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उनले मधेस आन्दोलनका मुद्दालाई कमजोर पार्ने उद्देश्यले समाजलाई विभाजित गर्ने गतिविधि भइरहेको दाबी गरिन्। सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सरकार गम्भीर बन्नुपर्ने उनको भनाइ थियो ।
मुस्लिम, दलित, निषाद र थारु समुदाय अझ बढी पछाडि पारिएका वर्ग भएको उल्लेख गर्दै अन्सारीले उनीहरूको चौतर्फी विकासका लागि विशेष योजना ल्याउन माग गरिन् । आफू मन्त्री भएको बेला दलित तथा मुस्लिम जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति र सन्त रविदासजीको जन्मजयन्तीमा सार्वजनिक बिदा दिने निर्णय गरिएको स्मरण गराउँदै उनले ती अधुरा रहेका योजनाहरूलाई वर्तमान सरकारले पूरा गर्नुपर्ने बताइन्।
यसैगरी निषाद समुदायका लागि निषाद आयोग गठन गर्न महाराज निषादराजको जन्मजयन्तीमा सार्वजनिक बिदा दिन तथा ताल पोखरी र नदीजस्ता जलस्रोतमा निषाद समुदायको अग्राधिकार सुनिश्चित गर्न उनले विशेष माग राखिन्।
विकासको नाममा सुकुम्बासी र गरीब जनताको घरबास डोजर लगाएर भत्काउने कार्य निन्दनीय रहेको भन्दै उनले वैकल्पिक बसोबासको व्यवस्था नगरी कसैलाई पनि विस्थापन नगर्न सरकारलाई आग्रह गरिन् । साथै सातामा दुई दिन बिदाको व्यवस्थालाई शनिबार-आइतबारको सट्टा शुक्रबार-शनिबार कायम गर्नुपर्ने माग पनि उनले अघि सारिन्। शुक्रबार मुस्लिम समुदायका लागि विशेष धार्मिक महत्वको दिन भएकाले यसले मुस्लिम समुदायलाई ठूलो राहत पुग्ने उनको दाबी छ।
भौतिक पूर्वाधार र स्वास्थ्यको क्षेत्रमा बोल्दै अन्सारीले महोत्तरी जिल्लाको जलेश्वरस्थित प्रादेशिक अस्पताल जर्जर अवस्थामा रहेको र त्यसलाई कम्तीमा सय शैयाको सुविधा सम्पन्न अस्पतालका रूपमा विकास गर्न माग गरिन् । मणिपाल कलेज स्थापनाको नाममा खरिद गरिएको जग्गामा अहिलेसम्म कलेज सञ्चालन हुन नसकेको भन्दै महोत्तरीमा उच्च शिक्षाको व्यवस्था गर्न र किसानका लागि प्रभावकारी सिँचाइको प्रबन्ध मिलाउन सरकारसँग आग्रह गरिन्।
पछिल्लो समय रौतहटको राजपुर नगरपालिका वडा नं. १ मा दलित समुदायमाथि भएको घटनाप्रति लक्षित गर्दै उनले कुनै पनि बहानामा दलितमाथि हिंसा हुन नहुने र सो विषयमा राज्यले पहिले नै माफी मागिसकेको कुरा स्मरण गराइन्।
अन्त्यमा मधेस प्रदेशका जनता सत्ता संघर्ष होइन विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा र सम्मानजनक जीवन चाहिरहेको उल्लेख गर्दै पूर्वमन्त्री अन्सारीले यस सातौं अधिवेशनलाई जनअधिकार र समृद्धिको ऐतिहासिक अधिवेशन बनाउन सबै राजनीतिक दलहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिइन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# अत्यधिक गर्मीले मधेशको जनजीवन प्रभावित, बजारमा चहलपहल घट्यो

*शु.आ. संवाददाता*
*बारा, ०१ जेठ*



मधेश प्रदेश सहित बारा जिल्लामा पछिल्ला केही दिनयता एकाएक अत्यधिक गर्मी बढेपछि जनजीवन प्रभावित बन्न थालेको छ। तापक्रम निरन्तर बढ्दै गएसँगै बजार क्षेत्रमा चहलपहल घटेको छ भने दिउँसोको समयमा सडक तथा सार्वजनिक स्थानहरू सुनसानजस्तै देखिन थालेका छन् । विशेषगरी कलैया, सिमरा, वीरगंज लगायत मधेशका विभिन्न सहरमा अत्यधिक गर्मीका कारण सर्वसाधारण घरबाहिर निस्कन सकस अनुभव गरिरहेका छन् । बिहान र साँझबाहेक दिउँसोको समयमा बजार, सडक तथा व्यापारिक केन्द्रहरूमा मानिसहरूको उपस्थिति न्यून देखिन थालेको स्थानीय व्यवसायीहरूले बताएका छन् ।

गर्मीका कारण दैनिक मजदुरी गर्ने श्रमिक, रिक्सा तथा ठेला चालक, सडक किनारमा व्यवसाय गर्ने व्यापारी तथा विद्यार्थीहरू बढी प्रभावित भएका छन् । तातो हावा र चर्को घामका कारण मानिसहरूमा थकान, टाउको दुख्ने, चक्कर लाग्ने, शरीर कमजोर हुने तथा पानीको कमी हुने समस्या बढ्न थालेको चिकित्सकहरू बताउँछन् । स्वास्थ्यकर्मीहरूले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई अत्यधिक गर्मीबाट जोगिन आग्रह गरेका छन् । चिकित्सकहरूका अनुसार बालबालिकामा डिहाइड्रेसन, ज्वरो, झाडापखाला तथा घामका कारण हुने स्वास्थ्य समस्या बढ्ने जोखिम रहने भएकाले अभिभावकले विशेष ध्यान दिनुपर्ने अवस्था रहेको छ ।

चिकित्सकहरूले अत्यावश्यक कामबाहेक दिउँसो ११ बजेदेखि ४ बजेसम्म बाहिर ननिस्कन, प्रशस्त पानी तथा झोलिलो पदार्थ सेवन गर्न, हल्का तथा सुती कपडा लगाउन र घाममा लामो समय नरहन सुझाव दिएका छन् । विद्यालय जाने बालबालिकालाई टोपी, पानीको बोतल तथा आवश्यक सुरक्षा अपनाएर मात्र बाहिर पठाउन आग्रह गरिएको छ ।

गर्मी बढेसँगै विद्युत् खपतसमेत बढ्न थालेको छ। पंखा, कुलर तथा एसीको प्रयोग बढेपछि कतिपय क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या देखिन थालेको स्थानीयले बताएका छन्। खानेपानीको मागसमेत बढ्दा केही बस्तीमा पानीको अभाव हुन थालेको गुनासो आउन थालेको छ। मौसमविद्हरूका अनुसार हाल तराई-मधेश क्षेत्रमा वर्षा नहुँदा तापक्रम अझ बढ्ने सम्भावना रहेको छ । लामो समयसम्म चर्को घाम लागिरहेकाले तातो हावाको प्रभावसमेत बढ्न सक्ने अनुमान गरिएको छ । स्थानीय प्रशासन तथा स्वास्थ्य निकायहरूले अत्यधिक गर्मीको समयमा सतर्कता अपनाउन सर्वसाधारणलाई अनुरोध गरेका छन्। गर्मीजन्य स्वास्थ्य समस्याबाट बच्न आवश्यक सावधानी अपनाउन तथा असहज अवस्था देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह गरिएको छ ।

# तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित तीन जनालाई विशेष अदालतबाट सफाई

*पर्सा, ०१ जेठ*




पर्साको बहुदरमाई नगरपालिका अन्तर्गत सडक मर्मत तथा कालोपत्रे ठेक्का प्रक्रियामा भ्रष्टाचार गरेको आरोप खेपिरहेका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तुफासहित तीन जनालाई विशेष अदालतले सफाई दिएको छ ।

विशेष अदालतको इजलास नम्बर १ मा अध्यक्ष न्यायाधीश सुदर्शनदेव भट्ट तथा सदस्य न्यायाधीशहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइराला को संयुक्त इजलासले उक्त फैसला सुनाएको हो। अदालतबाट सफाई पाउनेमा उपसचिव महमद शेरे मुस्तुफा, बहुदरमाई नगरपालिकाका तत्कालीन सहलेखापाल उपेन्द्र कुमार साह तथा जनप्रतिबिम्ब दैनिकका प्रकाशक सन्जय कुमार साह रहेका छन् ।

आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना अन्तर्गत बैरियाको प्रवेशद्वारदेखि नगरदाहाँसम्म सडक मर्मत तथा कालोपत्रे गर्ने योजनाको ठेक्का प्रक्रियामा अनियमितता भएको आरोप लाग्दै आएको थियो । उक्त योजनामा मिलेमतो गरी कमिशनको आधारमा आफू निकट व्यक्तिलाई बोलपत्रमार्फत ठेक्का दिइएको तथा बजेट दुरुपयोग गरिएको भन्दै व्यापक विवाद उत्पन्न भएको थियो ।

यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले ठेक्का प्रक्रियामा आर्थिक अनियमितता भएको दाबी गर्दै २०८२ पुस ९ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । आयोगले सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता कायम नगरिएको, प्रतिस्पर्धा सीमित गरिएको तथा योजनाको कार्यान्वयनमा आर्थिक चलखेल भएको आरोप लगाएको थियो । तर, करिब पाँच महिनापछि आएको अदालतको फैसलामा अभियोग पुष्टि हुने पर्याप्त प्रमाण पेश हुन नसकेको निष्कर्ष निकाल्दै तीनै जनालाई सफाई दिइएको हो । अदालतले अभियोजन पक्षले दाबी गरेअनुसारको मिलेमतो, कमिशन लेनदेन तथा सार्वजनिक रकम हिनामिनासम्बन्धी आरोप प्रमाणित हुन नसकेको जनाएको छ। फैसलापछि स्थानीय तहको विकास निर्माणसँग जोडिएका ठेक्का प्रक्रियामा पारदर्शिता, अनुगमन र कानुनी प्रमाण संकलनको विषय फेरि चर्चामा आएको छ। स्थानीय नागरिकहरूले सार्वजनिक योजनामा देखिने विवाद र आरोपहरू निष्पक्ष अनुसन्धानमार्फत टुंग्याइनुपर्ने धारणा व्यक्त गरेका छन् ।

यसैबीच, बहुदरमाई नगरपालिकामा सञ्चालन हुने विकास योजनाको गुणस्तर, बजेट कार्यान्वयन र सार्वजनिक खरिद प्रक्रियालाई थप पारदर्शी बनाउनुपर्ने आवश्यकता पनि औंल्याइएको छ ।

# मुलुकको बेरुजु सात खर्ब नाघ्यो, अर्थ मन्त्रालयमै सबैभन्दा बढी अनियमितता

*काठमाडौं, ०१ जेठ*



मुलुकको कूल बेरुजु रकम रु. सात खर्ब ५५ अर्ब पुगेको छ । महालेखापरीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गरेको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदनमा उक्त तथ्य सार्वजनिक गरिएको हो ।

प्रतिवेदनअनुसार संघीय, प्रदेश तथा स्थानीय तहका निकायसँगै संगठित संस्था र संघीय कानुनद्वारा तोकिएका अन्य निकायको समेत रु. ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण गरिएको छ ।

महालेखापरीक्षक तोयम रायाका अनुसार गत भदौ २३ र २४ गते भएका आन्दोलन तथा विभिन्न घटनाका कारण १७९ वटा कार्यालय तथा निकायले लेखा र सम्बन्धित स्रेस्ता पेश नगर्दा रु. एक खर्ब ४७ अर्ब ९० करोड बराबरको लेखापरीक्षण हुन सकेन ।

प्रतिवेदनमा विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने देखिएको उल्लेख गर्दै रु. ८८ अर्ब ९ करोड बराबरको सैद्धान्तिक बेरुजु फेला परेको जनाइएको छ। त्यसमध्ये संघीय सरकारी कार्यालयतर्फ रु. ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ रु. ५ अर्ब २३ करोड, स्थानीय तहतर्फ रु. १९ अर्ब ५ करोड तथा समिति र अन्य संस्थातर्फ रु. १० अर्ब ३२ करोड बराबरको बेरुजु रहेको महालेखापरीक्षक राया ले जानकारी दिएका छन् ।

प्रतिवेदनअनुसार विगतका बेरुजुको सम्परीक्षण तथा यस वर्ष औंल्याइएका विषयको फर्स्यौटबाट रु. १४ अर्ब ६३ करोड बराबर रकम असुल गरिएको छ। यस वर्ष तीन हजार ५० संघीय मन्त्रालय तथा निकायको रु. २९ खर्ब १७ अर्ब ९५ करोड बराबरको लेखापरीक्षण गरिएको छ। त्यस्तै एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको रु. ३ खर्ब २० अर्ब ३० करोड, ७२१ स्थानीय तहको रु. ११ खर्ब ९ अर्ब ५२ करोड बराबरको लेखापरीक्षण सम्पन्न गरिएको छ।

यसैगरी ५७७ समिति तथा अन्य संस्थाको रु. ४ खर्ब ४७ अर्ब ७७ करोड र संघीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षसम्बन्धी रु. ४६ खर्ब ८८ अर्ब ९६ करोड बराबरको लेखापरीक्षण गरिएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले सबैभन्दा बढी बेरुजु भएको मन्त्रालयका रूपमा अर्थ मन्त्रालय लाई देखाएको छ । कुल बेरुजुमध्ये ७० दशमलव ३७ प्रतिशत हिस्सा अर्थ मन्त्रालयसँग सम्बन्धित रहेको जनाइएको छ ।

त्यसपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय दोस्रो, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तेस्रो, वन तथा वातावरण मन्त्रालय चौथो तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पाँचौं स्थानमा रहेका छन् ।

महालेखापरीक्षकको प्रतिवेदन सार्वजनिक भएसँगै सरकारी खर्च प्रणाली, सार्वजनिक खरिद, बजेट कार्यान्वयन तथा आर्थिक अनुशासनमाथि पुनः प्रश्न उठ्न थालेको छ। सरोकारवालाहरूले बेरुजु नियन्त्रण, पारदर्शिता र जवाफदेहितालाई प्रभावकारी बनाउन सरकार गम्भीर बन्नुपर्ने बताएका छन्

# बारा प्रहरीको फरार प्रतिवादी पक्राउ अभियान जारी, शुक्रबार थप ११ जना पक्राउ

*शु.आ. संवाददाता*
*कलैया, ०१ जेठ*



जिल्ला प्रहरी कार्यालय बाराले फरार प्रतिवादी पक्राउ अभियानलाई तीव्रता दिँदै शुक्रबार पनि विभिन्न मुद्दामा अदालतबाट सजाय तथा जरिवाना तोकिएका ११ जना फरार प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराको प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितको अनुसार अदालतबाट फैसला भई लामो समयदेखि फरार रहेका व्यक्तिहरूलाई खोजतलास गर्ने अभियानअन्तर्गत प्रहरी टोलीले उनीहरूलाई विभिन्न स्थानबाट पक्राउ गरी सम्मानित बारा जिल्ला अदालतमा उपस्थित गराएको छ। प्रवक्ता पंडितको अनुसार पक्राउ पर्नेहरूमा चोरी मुद्दा, सार्वजनिक मुद्दा, चेक अनादर, लागूऔषध, सवारी ज्यान तथा बैंकिङ कसुरसँग सम्बन्धित मुद्दाका प्रतिवादी रहेका छन्। पक्राउ परेकामध्ये केहीलाई कैद सजाय तथा केहीलाई जरिवाना तोकिएको थियो। प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार पक्राउ पर्नेमा सुवर्ण गाउँपालिका, कलैया उपमहानगरपालिका, आदर्शकोतवाल गाउँपालिका तथा जितपुरसिमरा उपमहानगरपालिका क्षेत्रका व्यक्तिहरू रहेका छन्। उनीहरू लामो समयदेखि फरार सूचीमा रहेको प्रहरीले जनाएको छ। फरार प्रतिवादी पक्राउ अभियान जिल्ला प्रहरी कार्यालय बाराको प्राथमिकतामा रहेको बताउँदै प्रहरीले अदालतबाट फैसला भई फरार रहेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने कार्य निरन्तर जारी रहने जनाएको छ । प्रहरीका अनुसार फरार प्रतिवादी पक्राउ अभियान प्रभावकारी बनाउन मातहत प्रहरी कार्यालयहरूलाई विशेष परिचालन गरिएको छ। विभिन्न प्रहरी इकाइको समन्वयमा खोजतलास तथा निगरानी बढाइएको र अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राखिएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराले अपराध नियन्त्रण तथा कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन समुदायको सहयोग आवश्यक रहेको उल्लेख गर्दै फरार व्यक्तिबारे सूचना भए नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरेको छ ।


## बारागढी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

बारागढी गाउँपालिकाको कार्यालय, खोपवा, बारा



## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका